संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार
उच्चायुक्तको कार्यालय, नेपाल

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

प्रेस विज्ञप्ति – विराटनगर, भदौ १०

---

## पत्रकारहरूविरुद्ध धम्की तथा त्रासका समाचारहरूप्रति संयुक्त राष्ट्रसङ्घ चिन्तित

नेपालका पूर्वी तराईका केही जिल्लाहरूमा पत्रकारहरूले धम्की तथा त्रास भोग्नुपरेको भनी निरन्तर आइरहेका समाचारहरूबाट संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय-नेपाल) चिन्तित भएको छ।

मई महिनाको प्रारम्भदेखि उच्चायुक्तको कार्यालयले सुनसरीका पत्रकारहरूले धम्की तथा त्रास भोग्नुपरेको भनिएका कम्तीमा नौवटा घटनाहरूको समाचार प्राप्त गर्‍यो। हालैका महिनाहरूमा त्यहाँका तथा अन्यत्रका पत्रकारहरूले आफूहरूले बढी असुरक्षित महसुस गर्दै गएको कुरा उच्चायुक्तको कार्यालयलाई बताए। यस स्थितिले आम जनताको अधिकारको रक्षा गर्ने अग्रपङ्क्तिमा रहने पत्रकारहरूको अभिव्यक्तिको स्वतन्त्रताको अधिकार तथा स्वतन्त्रता र सुरक्षाको अधिकारलाई जोखिममा पार्दछ। अभिव्यक्तिको स्वतन्त्रता मानवअधिकारको सम्मान गर्ने कुनै पनि समाजको आधार हुन्छ र यो प्रजातान्त्रिक समाजको मुख्य तत्त्व हो।

उच्चायुक्तको कार्यालय राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूद्वारा प्रत्याभूत गरिएअनुसारका मानवअधिकारहरूको पूर्ण सम्मान गर्दै धम्की वा त्रासमुक्त वातावरणमा व्यावसायिक पत्रकारिता गर्ने सञ्चारमाध्यमको क्षमताको महत्त्वमाथि जोड दिन्छ। त्यस्तो वातावरण तयार गर्ने, उपयुक्तताअनुसार पत्रकारहरूको अधिकार तथा सबै नेपालीको अधिकारको संरक्षण गर्ने तथा मानवअधिकार उल्लङ्घनका पीडकहरूलाई जवाफदेही बनाउने जिम्मेवारी राज्यअधिकारीहरूको हो।

**For further information contact Chun B. Gurung,**
**Tel: 4280164, Ext. 320; 98510 16937 (mobile), E-mail: cgurung@ohchr.org**